आज मिति २०७४ पौष १९ गते, बुधबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा २० औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य | |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव | |
| **आमन्त्रित :-** | | | |
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत | |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर | |
| २३. श्री गीता तामाङ | - | कम्प्युटर अपरेटर | |

प्रस्ताव १ मा छलफल गर्दा देहाय बमोजिम गर्ने।

१ यस नगरपालिकाभित्र सञ्चालित आधारभुत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धी परिक्षणका लागी अर्को व्यवस्था नभएसम्मको लागि आधारभूत तहको अन्तिम परिक्षाको परिचालन, रेखदेख, समन्वय तथा नियन्त्रण गर्नको लागि तपशिल बमोजिमको आधारभूत शिक्षा परीक्षा समिति गठन गर्ने ।

तपशिल

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| ख. नगर कार्यपालिका बोर्डको सदस्यहरु मध्ये बोर्डले तोकेको शिक्षा संयोजक | सदस्य |
| ग. आधारभूत र माध्यमिक तहको प्रतिनिधित्व हुने गरि आधारभूत शिक्षा परीक्षा उतिर्ण समितिले मनोनित गरेको एक जना शिक्षक | सदस्य |
| घ. स्रोत व्यक्ति | सदस्य |
| ङ. शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

२. पदावधि पाँच वर्ष ।

३. यस समितिले आवश्यकतानुसार अन्य समिति तथा उपसमिति गठन गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

४. परीक्षा समितिले आवश्यकता अनुसार नगरपालिकाका सदस्य तथा कर्मचारी र सम्बन्धित विषयका विशेषज्ञलाइ आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

५. परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक तथा कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. आधारभूत शिक्षा उत्तिर्ण परीक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

- परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने ।
- परीक्षा परीक्षा मिति तोक्ने ।
- परीक्षा केन्द्र तोक्ने ।
- परीक्षाफल प्रकाशन गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाइ प्रमाणपत्र दिने ।
- परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने ।
- परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुन परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने ।
- कुनै कारणबाट निर्धारित समयमा परिक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशन गर्न बाधा परेमा तुरुन्त आवश्यक निर्णय लिने ।

७. संस्थागत विद्यालयले परीक्षा शुल्क वापतको रकम जम्मा गर्नुपर्ने : आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन गर्नका लागि परीक्षा समितिले तोके बमोजिमको शुल्क सम्बन्धित विद्यालयले नगर कार्यपालिकाले तोकेको कोषमा जम्मा गरी रकम जम्मा गर्को भौचर शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

८. यस दक्षिणकाली नगरपालिका स्तरीय आधारभूत शिक्षा उत्तिर्ण परीक्षा सञ्चालन व्यवस्थापन गर्ने सम्पूर्ण दायित्व नगर शिक्षा शाखाको शाखा प्रमुख मा रहने गरी प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिमको सदस्य सहित आधारभूत शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण समिति गठन गर्ने ।

<u>तपशिल</u>

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. शिक्षा शाखा प्रमुख | सदस्य |
| ३. स्रोत व्यक्ति | सदस्य |
| ४. समितिले तोकेको एक जना शिक्षक | सदस्य |
| ५. शिक्षा संयोजक | सदस्य |

क. शिक्षा शाखामा कम्प्युटर प्राविधिक जनशक्ति आवश्यक पर्ने भएमा कुनै विद्यालयको शिक्षक झिकाइ काममा लगाउन सकिने छ ।

ख. यस समितिले आजका मितिले १० दिनभित्र दक्षिणकाली नगरपालिका स्तरीय आधारभूत शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ निर्माण गरि पारित अनुमोदनका लागि यस नगरपालिकाको आधारभूत शिक्षा उत्तिर्ण परीक्षा समिति मार्फत विधेयक समिति हुँदै कार्यपालिका बोर्डमा पेश गर्ने । सो कार्यविधि पारित अनुमोदन भए बमोजिम आवश्यक सम्पूर्ण काम कारवाही तथा कार्यान्वयन प्रकृया सोही अनुसार गराउने ।

९. शिक्षा शाखाबाट यस कार्यविधि निर्माण र परीक्षा सञ्चालन गर्ने कामको लागि बजेट अनुमानित गरी अर्को बैठकमा पेश गर्ने ।

१०. नगर प्रमुखज्यूको संयोजकत्वमा देहाय बमोजिमको विद्यालय अनुगमन समिति गठन गर्ने ।

<u>तपशिल</u>

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य |

| | |
|---|---|
| सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| लेखा अधिकृत | सदस्य |
| स्रोत व्यक्ति | सदस्य |

<u>२ प्रस्ताव नं  विविध विषयमा छलफल गर्दा</u>

- यस नगरपालिकाको वडा नं ३ मा खेलकूद मैदान निर्माण संशोधन गरी खेलकुद मैदान निर्माणको लागी डि पी आर तयार गर्ने ।
- यस नगरपालिकाको वडा नं ५ बाट विभिन्न मितिमा विभिन्न शिर्षकमा भएको खर्च रु  १९९१७५। अनुमोदन गर्ने ।
- वडा नं १ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्ने ।

  <u>तपशिल</u>

  | | |
  |---|---|
  | नगरप्रमुख | संरक्षक |
  | वडा नं १ वडा अध्यक्ष | अध्यक्ष |
  | राजेश तामाङ | सदस्य |
  | प्रद्यिम्न कार्की | सदस्य |
  | पार्वती लामा | सदस्य |
  | माया लामा | सदस्य |
  | जयराम गिरी | सदस्य |
  | स्वास्थ्य चौकी प्रमुख | सदस्य |

- देहायको कामको लागि डि पी आर तयार गर्ने ।

  वाग्मती करिडोर, चिल्ड्रेन पार्क, गोरखनाथ सरस्वती, पावर हाउस पोखरी, दक्षिणकाली चौकोटदेवी, जडिबुटीको नर्सरी, गोपालेश्वर पिकनिक स्पोर्ट, सबै जातजाती भेषभूषा झल्काउने संग्रहालय

- क्रियाशील होचा पुड्का महिला संघ, काठमाडौंको मिति २०७४।०९।०२ को पत्रानुसार दक्षिणकाली नगरपालिका भित्र बामनको मन्दिर बामन धाम बनाउने र देशभरमा रहेका होचा पुड्काको आवासको निम्ती र नेपाल होचा पुड्का आरक्षण केन्द्रको स्थापना गर्नको लागि चार किल्ला खुलाई जमिन उपलब्ध गराई दिनु भनी अनुरोध भई आएको हुँदा सो सम्बन्धमा दक्षिणकाली नगरपालिका वडा नं. ६ भित्र रहेको पर्ती जमिन पूर्वमा फुल्चोक जाने पश्चिममा मोहन नारायणको खेत उत्तरमा फुल्चोक जाने मोटरबाटो चार किल्ला भएको अन्दाजी ५ रोपनी जग्गामा बामन मन्दिर निर्माण गर्न दिने निर्णय गरियो ।